# राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर, नेपालको

## सूचना

**(अनुसन्धान (Research) तथा कानून पुनरावलोकन (Law Review) कार्यका लागि विशेषज्ञ (Expert) आह्वान गर्ने सम्बन्धी अभिव्यक्ति इच्छा (EOI))**

**प्रथम प्रकाशन मितिः** २०८३।०४।०५ (जुलाई २१, २०२६)

**सूचनाको किसिमः** तल उल्लिखित विषयगत कार्य (तीन अनुसन्धान र कानून पुनरावलोकन) का लागि विशेषज्ञ आह्वान गर्ने अभिव्यक्ति इच्छा (EOI)

**आह्वान गर्ने निकायः** राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

**संलग्नताको स्वरूपः** विज्ञ, प्रति गतिविधि छुट्टाछुट्टै सम्झौता

### १. अनुसन्धान (Study Research) तथा कानून पुनरावलोकन

आयोगलाई देहायका चार वटा छुट्टाछुट्टै विषयगत गतिविधिका लागि योग्य र अनुभवी विशेषज्ञ (विषय विज्ञ) आवश्यक रहेको छ। प्रत्येक गतिविधिको शीर्षक र सोसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन्। इच्छुक उम्मेदवारले आफूले आवेदन दिन चाहेको गतिविधि स्पष्ट रूपमा आवेदन पत्र (Cover Letter) मा उल्लेख गर्नुपर्नेछ।

### २. अनिवार्य योग्यता, अनुभव तथा पारिश्रमिक

| क्र.सं | अध्ययन/पुनरावलोकन को विषय | शैक्षिक योग्यता | कार्यअनुभव |
|---|---|---|---|
| १ | **स्थानीय तहका न्यायिक समितिहरूको कार्यसम्पादन अवस्थाको लैङ्गिक दृष्टिकोणबाट अध्ययन** | • मानव अधिकार,कानून, समाजशास्त्र, लैङ्गिक अध्ययन, वा सोसँग सम्बन्धित सामाजिक विज्ञानका अन्य विषयमा कम्तीमा स्नातकोत्तर (Master's Degree) वा सो सरहको उपाधि।<br>• सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D.) हासिल गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। | सम्बन्धित विषयगत क्षेत्रमा कम्तीमा सात (७) वर्षको कार्यअनुभव। |

| | | | |
|---|---|---|---|
| २ | **मानसिक स्वास्थ्य तथा आत्महत्या - मानव अधिकारमा आधारित अध्ययन** | • मानव अधिकार, कानून, समाजशास्त्र, जनस्वास्थ्य, मनोविज्ञान, ग्रामिण विकास वा सोसँग सम्बन्धित सामाजिक विज्ञान विषयमा कम्तीमा स्नातकोत्तर (Master's Degree) वा सो सरहको उपाधि।<br>• सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D.) हासिल गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। | सम्बन्धित विषयगत क्षेत्रमा अध्ययन अनुसन्धान गरेको कम्तीमा सात (७) वर्षको कार्यअनुभव। |
| ३ | **नेपालमा अभिव्यक्ति स्वतन्त्रताको अवस्थाको अध्ययन** | • मानव अधिकार, कानून, आम सञ्चार वा सोसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर (Master's Degree) वा सो सरहको उपाधि।<br>• सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D.) हासिल गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। | सम्बन्धित विषयगत क्षेत्रमा अध्ययन अनुसन्धान गरेको कम्तीमा सात (७) वर्षको कार्यअनुभव। |
| ४. | **सङ्घ, प्रदेश र स्थानीय तहको<br>कानून पुनरावलोकन** | • मानव अधिकार, कानून, लैङ्गिक अध्ययन वा सोसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर (Master's Degree) वा सो सरहको उपाधि।<br>• सम्बन्धित विषयमा विद्यावारिधि (Ph.D.) हासिल गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। | सम्बन्धित विषयगत क्षेत्रमा अध्ययन अनुसन्धान गरेको कम्तीमा सात (७) वर्षको कार्यअनुभव। |
| **कार्यक्षमताः** | स्वतन्त्र रूपमा गुणात्मक तथा परिमाणात्मक अध्ययन अनुसन्धान/पुनरावलोकन गर्न सक्ने, नीतिगत तथा विश्लेषणात्मक प्रतिवेदन तयार पार्न सक्ने, विविधता व्यवस्थापन गरी कार्य गर्न सक्ने, सरोकारवालासँग परामर्श र समन्वय साथै संचार सीप भएको तथा आवश्यकता अनुसार स्थलगत अध्ययन गर्न सक्ने अनुभव भएको हुनु पर्ने छ। | | |

**३. कार्य अवधि**

दुवै पक्षबीच हुने सम्झौता बमोजिम हुनेछ।

## ४. आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु

माथि उल्लेखित अध्ययन/पुनरावलोकनको विषयमा इच्छुक तथा योग्य उम्मेदवारले आफूले आवेदन दिन (१, २, ३ वा ४ मध्ये) स्पष्ट उल्लेख गरी तपसिलमा उल्लिखित कागजातहरू संलग्न गरी आवेदन पेश गर्नुपर्नेछः

- आवेदन पत्र (Cover Letter)
- अद्यावधिक व्यक्तिगत विवरण (Updated CV)
- नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र,
- कार्यक्षमता तथा कार्यानुभव सम्बन्धी कागजातहरु

**नोटः आवेदन पेश गर्दा भौतिक रूपमा उपस्थित भइ वा इमेलमार्फत गर्न सकिनेछ ।**

## ५. आवेदन पेश गर्ने अन्तिम मिति

**मितिः** २०८३ साउन १२ गते (जुलाई २८, २०२६), दिउँसो ५:०० बजेसम्म।

**कुनै पनि आवेदन प्राप्त भएपछि स्वीकार वा अस्वीकार गर्ने र यो सम्पूर्ण प्रक्रिया आंशिक वा पूर्ण रूपमा रद्द गर्ने सम्पूर्ण अधिकार आयोगमा सुरक्षित रहनेछ।**

विशेषज्ञहरू छनौट गर्ने क्रममा आयोगले अभिव्यक्ति इच्छा (EOI), शैक्षिक योग्यता, कार्यअनुभव, कार्यक्षमता, आदिलाई आधार लिने छ । छनौटमा पर्नु भएका विशेषज्ञहरूले तोकिएको कार्य विवरण (TOR) अर्न्तगत रही कार्य गर्नुपर्नेछ । साथै विशेषज्ञका मुख्य कार्यहरू यस सूचनामा समावेश गरिएको छ ।

## ६. सम्पर्क विवरण

| | |
|---|---|
| **कार्यालयः** | राष्ट्रिय मानव अधिकार आयोग |
| **ठेगानाः** | केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर, नेपाल (कर्मचारी संचयकोष भवन) |
| **फोन नम्बरः** | +९७७-१-५०१००१५, एक्सटेन्सन १२३ र ११० |
| **इमेल ठेगानाः** | ecnhrc2@nhrcnepal.org |

# राष्ट्रिय मानव अधिकार आयोग
# विज्ञ/परामर्शदाताको लागि कार्यशर्त

## १. विशेषज्ञका मुख्य कार्यहरू

**विशेषज्ञले आयोगको सम्बन्धित महाशाखाको समन्वयमा देहायका कार्यहरू गर्नुपर्नेछः**

- अध्ययनको कार्ययोजना सहितको प्रारम्भिक प्रतिवेदन (Inception Report) तयार गर्ने तथा आवश्यकता अनुसार अनुसन्धान योजना तर्जुमा गर्ने, रुजुसूची निर्माण गर्ने र सोही अनुसार कार्य अघि बढाउने।
- अध्ययन अनुसन्धान र कानून पुनरावलोकनका लागि छनौट गरिएका प्रदेश र स्थानीय तहहरूमा आवश्यकता अनुसार स्थलगत अध्ययन गरी उद्देश्य अनुरूप अध्ययन प्रतिवेदन तयार गर्ने।
- अध्ययन प्रतिवेदनउपर सरोकारवालाहरूसँग राय/सुझाव सङ्कलन गर्ने र प्राप्त सुझाव सहितको अन्तिम प्रतिवेदन तयार गरी पेश गर्ने।
- विस्तृत विषयगत कार्य विवरण (TOR) विशेषज्ञहरूको छनौट पश्चात् द्विपक्षीय छलफलका आधारमा तय गरिनेछ ।